जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक ८१    २०७७ साल कात्तिक ६ गते बिहीबार (22 Oct. 2020 Thursday)    मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : शय्या नहुँदा संक्रमित ... ३ पृष्ठमा : खुल्ला सीमाका ... ३ पृष्ठमा : भारतमा दैनिक संक्रमितको ...

## प्रदेश २ को अनुसन्धान व्यूरो र दुग्ध विकास वोर्डको विधेयक प्रमाणीकरण

धनुषा, ५ कात्तिक (रासस)।

प्रदेश २ प्रदेशसभाबाट पारित दुईवटा विधेयक प्रदेश प्रमुख तिलक परियारले प्रमाणीकरण गर्नुभएको छ। प्रदेश प्रमुख परियारले प्रदेश अनुसन्धान व्यूरो विधेयक २०७७ र प्रदेश दुग्ध विकास वोर्डको स्थापना एवं व्यवस्थापन गर्न बनेको विधेयक २०७७ लाई नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्नुभएको हो ।

प्रदेश सरकारले नीजि, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्धजन्य पदार्थ उत्पादन, प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्डको स्थापना गरिएको बताइएको छ।

दुग्ध बोर्डको मुख्य काम, कर्तव्य भनेको स्थानीय सरकारसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा उत्पादित दुग्धजन्य पदार्थ शहरी क्षेत्रमा पुऱ्याउन सहज वातावरण सृजना गर्नु रहेको छ।

त्यसैगरी प्रदेश भित्र शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम राखी प्रदेशको आर्थिक हित तथा विकास, औद्योगीकरण, व्यापार व्यवस्था प्रवर्द्धन गर्नको लागि सो सम्बन्धी सूचना सङ्कलन गरी प्रशोधन समेत गर्ने हेतुले प्रदेश अनुसन्धान ब्यूरो सम्बन्धी ऐन ल्याइएको हो ।

ब्यूरोको मुख्य काम प्रदेश भित्र घटेका वा घट्नसक्ने अपराध वा अपराधजन्य जानकारी वा सूचना संकलन गर्ने, गराउने भनी उल्लेख गरिएको छ। ब्यूरोले प्रदेश मन्त्रिपरिषद्ले कुनै खास विषयमा अनुसन्धान गर्ने आदेश दिएमा सो विषयमा अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, प्रदेश मन्त्रिपरिषद्ले तोकिदिएका अन्य काम गर्ने गराउने ऐनमा उल्लेख गरिएको छ।

यसैबीच प्रदेश २ को प्रदेशसभाको चौथो अधिवेशन मंगलबार मध्यरातिबाट अन्त्य भएको छ। प्रदेशसभा सचिवालयले मंगलबार एक सूचना जारी गर्दै प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद बैठकले गरेको निर्णय अनुसार मंगलबार मध्यराति १२ बजदेखि चौथो अधिवेशनको अन्त्य हुने उल्लेख गरेको छ।

चौथो अधिवेशनमा ३७ पटक वैठक बसेको संसद सचिवालयले जनाएको छ। प्रदेश २ का प्रदेश प्रमुख तिलक परिवारले मंगलबार मध्यराति १२ बजेदेखि प्रदेशसभाको चालू चौथो अधिवेशन अन्त्य भएको पत्र संसद सचिवालयमा पठाउनु भएको छ। प्रदेश सभाको पाँचौ अधिवेशनको मिति प्रदेश प्रमुखबाट निर्देशन आए बमोजिम तय हुने प्रदेशसभा सचिवालयले जनाएको छ।

## गुप्ताको निधनले काँग्रेस स्तब्ध



**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**

नेपाली काँग्रेस सप्तरीका महाधिवेशन प्रतिनिधि तथा कंचनपुर रौनियार समितिका अध्यक्ष रामभरोसी गुप्ताको उपचारका क्रममा निधन भएको छ।

६५ वर्षीय गुप्ताको बिराटनगरस्थित विराट नरसिंह होममा उपचारका क्रममा मंगलबार राती निधन भएको नेपाली काँग्रेस सप्तरीले जनाएको छ। विभिन्न रोगले ग्रसित उनी केही दिनदेखी सोही अस्पतालमा उपचार गराउँदै थिए ।

यसैबीच नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवले एक शोक वक्तव्य जारि गर्दै गुप्ताको निधनले पार्टी स्तब्ध हुनुका साथै अपूर्णिय क्षति पुगेको जनाइएको छ। जारि विज्ञप्तिमा गुप्ताको असमायिक निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति सम्वेदना व्यक्त गरिएको छ।

यस्तै जिल्ला कार्य समिति सप्तरीका सचिव रामकुमार यादवले पनि शोक बक्तव्य जारी गर्दै गुप्ता इमान्दार, कर्मठ अनुशासित भई राजनीतिमा प्रजातन्त्र र लोकतन्त्रको आन्दोलनमा निष्ठावान पूर्वक सक्रिय भई काम गरिरहेको अवस्थामा उनको निधनले पार्टीलाई ठुलो क्षति भएको जनाइएको छ।

## कालोबजारी बढेपछि खाद्यान्न तथा मिठाइ पसलमा अनुगमन

**दैनिक समाचारदाता**
**सिरहा, ५ कात्तिक ।**

सिरहामा खाद्यान्न तथा मिठाइ पसलहरूको संयुक्त अनुगमन भएको छ। चाडपर्वको मौकाछोपी कालोबजारी भइरहेको जनगुनासो आएपछि सो अनुगमन सुरु गरिएको हो।

सिरहा र सप्तरी जिल्लाको प्रमुख बजारहरूमा रहेको खाद्यान्न तथा मिठाइ पसलहरूको अनुगमन शुरु गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजले जनाएको छ।

कालोबजारीलाई नियन्त्रण गर्न, सुपथ मूल्यमा उपभोग्य वस्तु खरिद बिक्री गर्न तथा सरल र सहजरूपमा उपभोक्ताले उपभोग्य सामग्री पाउन सक्ने उद्देश्यले अनुगमनलाई तिब्रता दिइएको छ।

लहानमा थालिएको अनुगमनका क्रममा लहान नगरभित्र एक दर्जन किराना पसल तथा मिठाइ पसलमा अनुगमनका क्रममा पसलहरूबाट ठूलो मात्रामा म्याद गुज्रेका फ्रुटी, बदाम जुस, बिस्कुट, चाउचाउ, मसलालगायतका सामान बरामद गरी नष्ट गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय राजविराजका प्रमुख सुरेश सिंहले जानकारी दिएका छन्।

पसलहरूले खरिद गरेको थोक सामग्रीको बिल, बिक्री गर्न राखिएको मूल्यसूची, म्याद गुज्रिएका सामग्री, कोराना सङ्क्रमणबाट बच्न अपनाइएको स्वास्थ्य सुरक्षा मापदण्डको प्रयोगलगायतमा

*बाँकी अन्तिम पृष्ठमा*

**मंगलमय शुभकामना**

हिन्दुहरुको महान चाडपर्व वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**राजविराज ९ (हाल ८), परिवार**

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# तरकारीमा बढ्दै गएको मुल्यतर्फ ध्यान पुगोस्

चाडपर्वको बेला अहिले सबै थोकको मुल्य बढेको छ। खासगरि दैनिक उपभोग्य सामाग्रिहरुमा मुल्य आकाशिएको छ। हरियो तरकारीहरुको मुल्य भने झनै बढेको छ। सबै तरकारीहरुको मुल्य तेब्बर भन्दा बढी छ। यस्तो अवस्थामा उपभोक्ता मारमा परेका छन्। निकाय भने बेखबर छ।

बजार अनुगमन समितिले खाद्यान्नको अनुगमन गर्ने कामलाई तिब्रता दिँदा पनि हटिया बजारमा पाईने तरकारीहरुको अनुगमन भने गर्न सकेको छैन्। यति मात्र नभएर सधै तरकारीमा प्रयोग हुने आलु र प्याजको मुल्य भने कहिले नसुनेको मुल्य कायम भएको छ। कोरोनाको त्रासमा परेका आमजनता महँगीको मारमा समेत पर्न बाध्य भएका छन्। मुलुकको अर्थतन्त्र चौपट भएको बेला अधिकांश मानिसक बेरोजगार भएका छन्।

यस्ता कार्यलाई नियन्त्रण गर्न स्थानिय सरकारले उपभोक्ता मारमा नपर्ने गरि एउटा उचित मुल्य सूची लागु गर्ने अवस्था रहेको छ। तसर्थ मुल्य समायोजन गरि जनतालाई थोरै भएपनि राहत दिनेतर्फ ध्यान पुग्नु आवश्यक रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# शय्या नहुँदा संक्रमित ज्यान गुमाउँदै

धरान, ५ कात्तिक (रासस)।

धरान उपमहानगरपालिका-१६ का ४९ वर्षीय एक शिक्षकको गत बुधबार राति होम आइसोलेशनमै मृत्यु भयो। यहाँस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शय्या सोध्दासोध्दै उनको ज्यान गयो। बुधबार राति नै धरान ९ का ५८ वर्षीय पुरुषको मृत्यु भयो। उनलाई प्रतिष्ठानमा अक्सिजन बेड नभएपछि घरमै अक्सिजन किनेर राखिएको थियो। राति ११ बजे अस्पताल पुऱ्याउनेबित्तिकै उनको ज्यान गएको ९ नं वडाध्यक्ष रत्न कटवालले जानकारी दिनुभयो।

धरान २ का ८९ वर्षीय पुरुषको पनि गत सोमबार बिहान होम आइसोलेशनमै मृत्यु भयो। अस्पताल लान लाग्दा भेन्टिलेटर अभाव भएको भनिएपछि परिवारले घरमै राख्यो। एक साताअघि धरान-८ का ५२ वर्षीय पुरुष धरानस्थित बिपी प्रतिष्ठानको इमर्जेन्सी वार्डमा भर्ना भएका थिए। निमोनियाका कारण अस्पताल पुगेका उनलाई कोरोना सङ्क्रमण भयो। प्रतिष्ठानको कोभिड -१९ अस्पतालमा भेन्टिलेटर अभाव भएपछि उनको ज्यान गयो। धरानमा मात्र अस्पताल जान नपाई १३ जनाको होम आइसोलेशनमा मृत्यु भएको उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख उमेश मेहताले बताउनुभयो। हालसम्म ३४ जनाले ज्यान गुमाएका छन्।

प्रतिष्ठानको तथ्याङ्कअनुसार मंगलबार बिहानसम्म ६६ संक्रमितले ज्यान गुमाएको प्रतिष्ठानका सहप्रवक्ता डा शाशिष श्रेष्ठले जानकारी दिनु भयो। प्रदेश नं १ मा सोमबार साँझसम्म मृतकको संख्या १३६ पुगेको सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखाले जनाएको छ।

प्रदेश सरकारले गत जेठमै दुई हजार श्ययाको आइसोलेशन वार्ड बनाउने घोषणा गरे पनि अहिलेसम्म काम शुरु भएको छैन। प्रत्येक स्थानीय तहमा १५ शय्याको आइसोलेशनसहितको अस्पताल निर्माण गर्ने भनिए पनि कुनै स्थानीय तहले सञ्चालन गर्न सकेका छैनन्। बिरामीको चाप भने अस्पतालमा थेग्न नसक्ने भएको छ। प्रतिष्ठानले बिरामीको चाप थेग्न नसक्ने भनी सम्पर्क गरेर मात्र ल्याउन अस्पताल प्रशासनले १५ दिनअघि सूचना नै जारी गरेको थियो। बिरामी धान्न नसकेको जनाई अस्पताल प्रशासनले स्थानीय तहहरूलाई लकडाउन गर्नसमेत सुझाव दिएको थियो।

पछिल्लो समय सङ्क्रमित चौगुना बढेका छन्। एक साताअघिदेखि धरानमा दैनिक संक्रमितको सङ्ख्या बढेर गएको छ। सोमबार ८९ र मंगलबार २०६ जनामा सङ्क्रमण पुष्टि भयो। पिसिआर परीक्षणको दायरा घटाइए पनि संक्रमितको दर भने बढेर गएको छ। दशैंका लागि किनमेल गर्नेले स्वास्थ्य मापदण्ड बेवास्ता गर्दै बजार-पसलमा भीड गरेकाले अझ भयावह अवस्था आउने चिकित्सक बताउँछन्। अझै तीव्र रूपमा संक्रमितको संख्या बढ्ने जोखिम रहेको उनीहरूको भनाइ छ। संक्रमण वृद्धिअनुसार प्रदेश सरकार र स्थानीय तहहरूको तयारी भने नदेखिएको चिकित्सकको भनाइ छ। प्रतिष्ठानका अस्पताल निर्देशक प्रा डा गौरीशंकर साहले लक्षणसहितका बिरामी बढ्दो क्रममा रहेको र मृत्यु संख्या बढेको बताउनुभयो। प्रतिष्ठानका करीब तीन सय चिकित्सक, कर्मचारी र नर्स सङ्क्रमित भएका छन्।

'अबको अवस्थामा धेरै संक्रमित भेन्टिलेटर नपाएर मृत्यु हुने सम्भावना बढेको छ। प्रतिष्ठानमा भेन्टिलेटरको आवश्यकता छ तर स्रोतसाधनको अभाव छ', डा साहले भन्नुभयो। प्रदेश सरकारको सहयोगमा प्रतिष्ठानमा १० भेन्टिलेटर राखिए पनि ६ वटाले जडान गर्दै काम नदिएर ठेकेदार कम्पनीलाई बनाउन फिर्ता गरिएको छ।

प्रदेश नं १ का सामाजिक विकासमन्त्री जीवन घिमिरे पछिल्लो समय लक्षणसहितका संक्रमित र कोरोनाबाट हुने मृत्युदर बढेकाले आवश्यक व्यवस्थापन गर्न प्रदेश सरकार जुटिरहेको बताउनुहुन्छ। स्विस दूतावाससँग कोरोना संक्रमण नियन्त्रणका लागि आवश्यक उपकरणलगायत सामग्री दिने सहमति गरिएको उहाँले जानकारी दिनुभयो। केही दिनमा १० आइसियु सेट आइपुग्ने उहाँको भनाइ छ। निजी अस्पताललाई पनि कोरोना संक्रमितका लागि आइसोलेसनसँगै सघन उपचार कक्ष र भेन्टिलेटरको व्यवस्था गर्न निर्देशन जारी गरिएको उहाँको भनाइ छ। उहाँले बिहीबार प्रतिष्ठान पुगेर कोभिड अस्पताल व्यवस्थित गर्न निर्देशनसमेत दिनुभयो।

प्रदेश नं १ सामाजिक विकास मन्त्रालयका अनुसार कोशी अस्पतालको कोभिड १९ उपचार केन्द्रमा आठ आइसियु र पाँच भेन्टिलेटर, प्रतिष्ठान धरानमा १५ आइसियु र १० भेन्टिलेटर तथा झापाको मेची अस्पतालमा १० आइसियु र दुई भेन्टिलेटर छन्। यस्तै निजीतर्फ विराटनगरस्थित नोबेल अस्पतालमा दश आइसियु र तीन भेन्टिलेटर, विराट् मेडिकलमा आठ आइसियु र दश भेन्टिलेटर तथा न्युरोमा आठ आइसियू र दुई भेन्टिलेटर छन्। प्रदेशमा कुल ४६ आइसियु र ३२ भेन्टिलेटरको व्यवस्था भएको सामाजिक विकास मनत्रालयले जनाएको छ। प्रतिष्ठानमा रहेका १० मध्ये छ भेन्टिलेटर काममा आएका छैनन्।

प्रदेश नं १ मा ३३ ठाउँमा गरी एक हजार ५३१ आइसोलेशन वार्ड स्थापना गरिएको छ। सोमबार साँझसम्म सात हजार ८१३ जना संस्थागत आइसोलेशनमा र बाँकी संक्रमित होम आइसोलेशनमा बस्दै. आएका छन्। सामाजिक विकास मनत्रालयको तथ्याङ्कअनुसार हालसम्म एक लाख ४७ हजार ९९४ जनमा पिसिआर परीक्षण गर्दा सङ्क्रमितको संख्या १३ हजार ९८८ पुगेको छ। हालसम्म ६ हजार ३९ जना निको भएर घर फर्केका छन्।

# राष्ट्रपतिबाट दुइ महिनाको पारिश्रमिक कोरोना कोषमा प्रदान

काठमाडौँ, ५ कात्तिक (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकारद्वारा स्थापित 'कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा उपचार कोष'मा चालु आर्थिक वर्षको आफ्नो दुई महिनाको पारिश्रमिक प्रदान गर्नुभएको छ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड -१९को रोकथाम एवं नियन्त्रणका लागि स्थापित सो कोषमा आफूलाई चाडपर्व खर्चवापत प्राप्त हुने रकम पनि राष्ट्रपतिले प्रदान गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता हरिप्रसाद दहालले विज्ञप्तिमार्फत बुधबार जानकारी दिनुभएको छ।

# रासायनिक मल आउने क्रम जारी

वीरगञ्ज, ५ कात्तिक (रासस)।

विगत दुई महिनादेखि पर्सामा रासायनिक मल पोटासको अभाव देखिएसँगै अब यो अभाव समाप्त भएको छ। बुधबारदेखि रासायनिक मल पोटास आउन थालेपछि सो अभाव समाप्त भएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालयले जनाएको छ।

चार हजार ५०० मेट्रिक टन पोटासमध्ये बुधबार मात्र ५०० मेट्रिक टन पोटास मल आएकाले सो अभाव समाप्त भएको र दशैंपछिलगत्तै बाँकी रहेको चार हजार मेट्रिक टन पोटास आउने सो कार्यालयका प्रादेशिक प्रबन्धक गोरखनाथ केसीले राससलाई बताउनुभयो।

तेस्रो मुलुक बेलारुसबाट भारतको वैशाखापटनम बन्दरगाह हुँदै रेलमार्गद्वारा वीरगञ्जस्थित सुक्खाबन्दरगाहमा आएको सो पोटास वीरगञ्जको मुर्लीचोकस्थित कृषि सामग्री कम्पनी लिमिटेडको कार्यालयमा आएको छ। पर्सामा सो कार्यालयले आफ्ना ९५ वटा डिलरमार्फत अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा रु ६७ लाख दुई हजार २०० मूल्य बराबरको २१६.२ मेट्रिक टन पोटास बिक्री गरेको छ।

बङ्गलादेशबाट नेपाल सरकारले ५० हजार मेट्रिक टन युरिया मल सापटीमा ल्याउन लागेकाले सो मल दशैंपछि आइपुग्ने प्रादेशिक प्रबन्धक केसीले बताउनुभयो। आयातकर्ताले ठेक्का पाइसकेकाले तोकिएकै अवधिमा सो मल नेपाल आउने बताइएको छ। बङ्गलादेशबाट नेपालका लागि आउने ५० हजार मेट्रिक टन युरियामध्ये पर्साका लागि २५ हजार मेट्रिक टन युरिया मल हुने भएकाले लामो समयदेखि युरिया मलको देखिएको अभाव समाप्त हुने उहाँले बताउनुभयो।

# १५ किलो गाँजासहित दुई पक्राउ

मलङ्गवा, ५ कात्तिक (रासस)।

लागुऔषध गाँजासहित सर्लाही जिल्लाको लालबन्दीबाट प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। लालबन्दी नगरपालिका-१ बागवानी केन्द्रका प्रहरीले प्रदेश २-०-३००१प८०६३ नम्बरको मोटरसाइकललाई बुधबार बिहान ४:३० बजे जाँच गर्दा १५ किलो गाँजासहित हरिवन नगरपालिका २ डाबरी निवासी २० वर्षीय श्रवण महतो र १९ वर्षीय बद्री महतोलाई पक्राउ गरेको हो।

डाबरीबाट जंगलको बाटो हुँदै बागवानी आएपछि उनीहरूलाई प्रहरीले जाँच गर्दा गाँजा फेला परेपछि नियन्त्रणमा लिइएको सर्लाहीका प्रहरी प्रवक्ता मदन कुँवरले जानकारी दिनुभयो। प्रहरीले उनीहरूका साथबाट दुई फिट लामो धारिलो हतियार तरबारसमेत बरामद गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

यसैबीच बलरा नगरपालिकामा पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ। बलरा-४ स्थित सार्वजनिक पोखरीमा डुबेर स्थानीयवासी जगु सहनीका नौ वर्षीय छोरा आदित्यकुमारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। मंगलबार साँझ पोखरीमा नुहाउने क्रममा सहनी पोखरीमा डुबेका थिए।

# गलत सन्देश प्रवाह गरे कारवाही

काठमाडौँ, ५ कात्तिक (रासस)।

मोबाइल सेवा प्रदायक कम्पनीको नेटवर्क प्रयोग गरेर गलत तथा भ्रामक सन्देश ग्राहकलाई सम्प्रेषण तथा प्रवाह गरेको भन्दै नेपाल दूरसञ्चार प्राधिकरणले सचेत रहन आग्रह गरेको छ।

प्राधिकरणले बुधबार एक सूचना प्रकाशन गर्दै भ्रामक सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै सूचना प्रवाह गर्नेलाई कारवाहीको व्यवस्था भएको जनाएको हो।

केही दिनअघि विभिन्न व्यत्तिले कोरोना भाइरस सङ्क्रमणको दरमा वृद्धि भएको भन्दै दशैंमा कर्फ्यु र सङ्कटकालको घोषणाको तयारी भएको भन्दै सर्ट म्यासेज सर्भिस ( मोबाइल एसएमएस) र सामाजिक सञ्जालमा सूचना फैलाएका थिए। गृह मन्त्रालयले नाम लिएर भ्रामक सूचना प्रवाह भएको भन्दै प्राधिकरणले मोबाइल सेवा प्रदायक कम्पनीलाई सचेत रहन निर्देशन दिएको हो।

प्राधिकरणले सार्वजनिक गरेको सूचनामा भनिएको छ, "दूरसञ्चार ऐन, २०५३ को दफा (३) ले कुनै व्यक्तिले दूरसञ्चार सेवाको दुरुपयोग गरेमा, अनाधिकार प्रयोग गरेमा वा दूरसञ्चार सेवासँग सम्बन्धित कुनै सम्पत्ति हानी नोक्सानी गरेमा प्राधिकरणले त्यस्तो व्यक्तिबाट बिगो असुल गरी बिगोबमोजिम जरिवानासमेत गर्न सक्छ।"

# खुल्ला सीमाका आयामहरु



राजीव झा

नेपाल र भारतबीच भौगोलिक आधारमा खुला र लामो अन्तर्राष्ट्रिय सीमा छ, जहाँ सीमा पार गर्न प्रतिबन्ध छैन । दुबै देशहरुमा समान सांस्कृतिक सम्पदा, समानता, सामाजिक प्रणाली र धार्मिक मान्यतामा साझा छन् । यी आयामहरूले विशेष सम्बन्धको साथ विशिष्ट र विशेष छिमेकी बनाउँदछ । नेपाल-भारत सम्बन्ध शताब्दियौं पुरानो हो । दुई देशबीचको सम्बन्ध दुई देशको भन्दा दुईवटा समाज जस्तै हुन्छ । नेपाल र भारत क्षेत्र, आर्थिक स्थिति, प्राकृतिक स्रोत र जनसंख्याको हिसाबले फरक फरक भए पनि दुवैले एक अर्काको चासो पूरा गर्न धेरै महत्वपूर्ण भूमिका खेल्छन् । धर्म, जाति, संस्कृति, सामाजिक परम्परा र आर्थिक चासो यति धेरै परनिर्भर छ कि नेपालको दक्षिणी तराई क्षेत्र र भारतको उत्तरी मैदान एकजस्तो देखिन्छ । दुबै देशको सह-सम्बन्धका निर्धारक र तत्वहरू निम्न रूपमा हेर्न सकिन्छ :

**भौगोलिक कारक**

यो सबैलाई थाहा छ कि भौगोलिक अवस्थाका कारण नेपाललाई सधैं फाइदा पुऱ्याउँछ । नेपालको भौगोलिक अवस्था दक्षिण एशियामा धेरै महत्वपूर्ण छ । नेपालको उत्तरी सीमा चीनसँग जोडिएको छ । उत्तरी मोर्चामा हिमालयन पर्वतमालाले भारतका लागि रणनीतिक भूमिका खेल्दछ । नेपाल हिमालयनको दक्षिणी भागमा अवस्थित छ जुन मौसम र सुरक्षाको हिसाबले रक्षकको रूपमा काम गर्दछ । भारतको उत्तरी बेल्टको सुरक्षामा नेपालले महत्वपूर्ण भूमिका खेल्दछ ।

**ऐतिहासिक कारकहरू**

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुभन्दा पहिले नेपालमा बाइसे र चौबिसे राज्यहरू भनेर चिनिने स्वतन्त्र राज्यहरू थिए । यी राज्यहरू र भारतीय राज्यहरू बीचको सम्बन्ध सौहार्दपूर्ण थियो । किनभने उनीहरूको धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक समानता, अन्तर्राष्ट्रिय सम्बन्धमा निकटता र राजनीतिक पारस्परिक निर्भरता थियो । नेपाल र भारत सम्बन्ध ११०० बीसी देखि विद्यमान रहेको पाइन्छ । महाभारत र रामायण युगले पनि नेपाल र भारतबीच समान सम्बन्धको बारेमा कुरा गरेको छ भने नेपालका यालेम्बर जस्ता योद्धाहरूले महाभारत युद्ध लडेका थिए । अर्को कथा किरात अर्जुन युद्ध हो ।

भारतमा बेलायती शासनको बेला बेलायतीहरूले सन् १२३२ को सन्धिसँगै नेपालको स्वतन्त्रता र सार्वभौमिकताको औपचारिक घोषणा गऱ्यो । तर, उक्त सन्धिमा यो पनि उल्लेख गरिएको थियो कि नेपालको विदेश नीति ब्रिटिशको पक्षमा हुनुपर्दछ ।

भारतमा बेलायती शासनकालमा सम्बन्ध केही हदसम्म आर्थिक कारण र मुख्यतया बेलायती सेनामा गोरखा सैनिकको भर्तीमा सीमित थियो । बेलायतीहरूले नेपालको स्वतन्त्रतालाई स्वीकार गरे । यद्यपि, अन्तर्राष्ट्रिय मामिलामा बेलायतीहरू पर्याप्त स्वतन्त्रता दिने मूडमा थिएनन्, तर उनीहरूले तिब्बतसँगको व्यापारका लागि नेपाललाई महत्वपूर्ण ठाने । पहिलो र दोस्रो विश्वयुद्धमा गोरखा मिलिटरीले बेलायतीहरूलाई सहयोग पुऱ्यायो । नेपाली सेनाले प्रमुख भूमिका खेले र भारतको १ ज्ञञ्छ ज्ञञ्छठ राष्ट्रिय आन्दोलनलाई समेत रोके । जब भारत स्वतन्त्र भए, भारतले नेपालसँगको सन्धि सम्झौताको नवीकरण गऱ्यो र दुबै देशहरूले एक अर्काको चासो पूरा गर्न यथासक्दो प्रयास गरे ।

**सामाजिक-सांस्कृतिक कारकहरू:**

नेपाल र भारतबीच धेरै सांस्कृतिक आयामहरु छन् । यो सम्बन्ध धेरै शताब्दीहरूमा सामाजिक-सांस्कृतिक सम्बन्धको परिणाम हो । धार्मिक, सामाजिक र सांस्कृतिक बाध्यता स्नेह, संघ र सहकार्यको माध्यमबाट आउँदछ । यस कारणले नेपाल र भारतको सामाजिक-सांस्कृतिक पृष्ठभूमिमा भिन्नता छुट्याउन गाह्रो छ । सामाजिक सांस्कृतिक पक्षको आधारमा नेपाललाई तीन भागमा विभाजन गर्न सकिन्छ:

नेपालको उत्तरी सिमाना नजिक हिमालयन क्षेत्र ।

काठमाडौं उपत्यका र मध्यपहाडी क्षेत्र ।

दक्षिणमा तराई मैदानहरू ।

उत्तरी सिमानामा बसोबास गर्नेहरू मंगोलियाली जातिसँग सम्बन्धित छन् । हिमालयन क्षेत्रका मानिसहरु शेर्पा, खम्पा, थकाली र भोटे हुन् । उनीहरूको सामाजिक र सांस्कृतिक सम्बद्धता तिब्बततिर बढी छ र बौद्ध धर्मको अनुसरण गर्दछ । ती संख्यामा कम र नेपालको राजनीतिक प्रणाली वा नीति निर्माणमा खासै महत्व राख्दैन ।

काठमाडौं उपत्यका र मध्यपहाडी क्षेत्र ब्राह्मण र क्षत्रीयहरुद्वारा आबादित छ । ब्राह्मण र क्षत्रीय उच्च जाति हुन् । क्षेत्रीयहरु नेपालको शाही परिवारका हुन् । तिनीहरूमध्ये केही भारतीय शाही परिवारसँग सम्बन्धित छन् र तिनीहरू धेरै जसो हिन्दुहरुको सामाजिक, आर्थिक र राजनीतिक वर्गको हिसाबले नेपालमा प्रभावशाली हुन् । यी हिन्दूहरु नेपालमा बसाई सरे र ती भावनात्मक हिसाबले भारतसँग जोडिए । उनीहरूले नेपालमा हाइराकीमा उच्च ओहदा मात्र प्राप्त गरेनन्, बरु प्रशासन र राजनीतिमा उच्च प्रभावसमेत पारे । भारत, समाज, संस्कृति, धर्म र भाषाको हिसाबले उनीहरूसँग बढी समानता छ । मंगोलियन जातिका केही व्यक्तिहरू जस्तै मगर, गुरुङ, राई लिम्बु पनि यस क्षेत्रमा बसोबास गर्छन् र उनीहरू भारतसँग गहिरो सम्बन्ध गाँसेका छन् । र यो गोर्खाको रूपमा भारतीय सेनाको हिस्सा पनि हो ।

नेपालको दक्षिणी भाग तराईका नामले परिचित छ र यो मधेशीले भरिएको छ । प्रायःजसो यहाँ बस्ने मानिसहरू बिहार र यूपीमा समान छन् । १६औं शताब्दीपछि पहाडका मानिसहरूलाई पनि राजा महेन्द्रले तराईमा बसाई पुऱ्याउन चार पश्चिमको राजमार्ग खोले चारकोसे झाडी जंगल काटेर र त्यहाँका मानिसहरूलाई बसोबास गर्न प्रोत्साहित गरे । तराईका मानिसहरूले आफ्नै मैदानको संस्कृति अपनाएको छन् । यी व्यक्तिहरूको भाषा, विवाह, चलन, वेशभूषा र जीवन शैली भारतीय जस्तो छ । तिनीहरूमध्ये धेरैले भारतीयहरूसँग सम्बन्ध साझेदारी गर्छन् र उनीहरू भारतीय र भारतसँग राम्ररी संलग्न छन् । यी धेरै व्यक्तिहरू तीर्थयात्राका लागि भारतको धार्मिक स्थलहरूमा जान्छन् । भारतीय प्रभाव शिक्षाको क्षेत्रमा पनि देख्न सकिन्छ ।

काठमाडौंको पशुपतिनाथ मन्दिर निकटता र दुबै मुलुकको बहुमूल्य संस्कृतिको सबैभन्दा ठूलो उदाहरण हो । यस मन्दिरको बारेमा महत्वपूर्ण तथ्य यो हो कि चारै जना पुजारीहरू भारतको महाराष्ट्रका हुन् । नेपालका राजाको भारतको भगवान जगन्नाथ मन्दिर (पुरी, ओडिशा) मा विशेष स्थान छ । जगन्नाथ मन्दिरमा "गर्भ गृह" भनिने ठाउँ छ, जहाँ केवल पुजारीहरू र नेपालका राजाले मात्र यो अनुष्ठान गर्न सक्दछन् । दुबै देशका सामाजिक-सांस्कृतिक जराहरू ज्यादै शक्तिशाली छन् । तर पछिल्ला वर्षहरूमा यी सामाजिक-सांस्कृतिक र धार्मिक सम्बन्धमा केही राजनीतिक र अन्तर्राष्ट्रिय प्रभावका कारण चिसोपना आएको छ ।

**धार्मिक कारकहरू**

दुबै राष्ट्रहरूको धार्मिक विश्वास र प्राचीन सभ्यता छ । भारतीयहरुको पशुपतिनाथ, मुक्तिनाथ र जानकी मन्दिर तीर्थयात्रामा दृढ विश्वास छ । त्यस्तै, नेपालीहरू भारतका पवित्र मन्दिरहरू जस्तै बद्रीनाथ, केदारनाथ, जगन्नाथ, द्वारकापुरी, अयोध्या, मथुरा इत्यादि यात्रा गर्छन् ।

नेपाल र भारत सम्बन्धको इतिहास छैठौं शताब्दी बीसीबाट पत्ता लगाउन सकिन्छ । शाक्यस राजकुमार भगवान बुद्ध ज्ञानको खोजीमा बौद्ध गया आए । उनले धेरै बर्ष ध्यान दिए र ज्ञान प्राप्त गरे । त्यसपश्चात, दुबै देशको सांस्कृतिक र भावनात्मक सम्बन्ध अझ गहिरो भयो । राम जानकी र गौतम बुद्ध भारत र नेपालको बीचमा एक शक्तिशाली सम्बन्ध थियो । राजा अशोक कपिलवस्तु गए र स्तम्भहरू स्थापना गरे, जसको परिणामस्वरूप भारत र नेपालबीच ऐतिहासिक सम्बन्ध कायम भयो । विशेषता र बन्धनलाई कायम राख्न अनुष्ठान, रीति-रिवाज, मन्दिर, पुजारी, विवाह इत्यादि दुई देशहरू बीच विशेष भूमिका खेल्छन् ।

**आर्थिक कारक:**

भौगोलिक स्थितिले अर्थव्यवस्थालाई प्रभावित गर्दछ र नेपालको ज्ञछ५ भूभाग हिमालय र हिमालले ढाकेको छ, जहाँ धेरै कम भूमि कृषि कार्य वा उद्योगको लागि उपयुक्त छ । बहुमत जनसंख्या खेतीमा निर्भर गर्दछ जहाँबाट थोरै बचत सम्भव छ । नेपालमा खासगरी काठमाडौं उपत्यका र तराई बेल्टमा २० प्रतिशत क्षेत्र छ जहाँ गहन खेती सम्भव छ र उद्योग स्थापना गर्न सकिन्छ । तराईको अर्थव्यवस्था बिस्तारै भारतको अर्थव्यवस्थासँग जोड्दैछ । प्रायः तराई बेल्टको उत्पादन भारतीय बजारहरूले खपत गरिरहेका छन् । यसले प्रमाणित गर्दछ कि तराई क्षेत्रको अर्थव्यवस्था ज्यादातर भारतमा निर्भर गर्दछ । यस बाहेक, नेपाल आफ्नो दैनिक उपभोग्य वस्तुका लागि भारतमा पूर्ण निर्भर छ । हाल दुई देशबीचको व्यापारमा गिरावट प्रस्ट देखिन्छ । यद्यपि अन्य मुलुकहरूको तुलनामा भारत अझै पनि नेपाललाई सबैभन्दा ठूलो बजार प्रदायक देश हो । भारत बाहेक नेपालको अन्तर्राष्ट्रिय व्यापार २०% मा सीमित छ ।

नेपालमा प्राकृतिक संसाधनको एक ठूलो संख्या छ । नेपाल जलस्रोत र सिंचाईमा निकै धनी छ र जलविद्युत परियोजनाहरू भारतको आर्थिक सहयोगको माध्यमबाट सञ्चालन गर्न सकिन्छ । यसबाहेक, भारत जलविद्युत उर्जाका लागि मात्र उपभोक्ता हुन सक्छ यद्यपि यो कुरा स्पष्ट छ कि दुबै देशको संयुक्त लगानीले नदीको पानी परियोजनाहरू उल्लेखनीय रूपमा सञ्चालन गर्न सक्छ । नेपाल र भारतमा बाढीको रूपमा यी नदीहरूले सिर्जना गर्ने प्राकृतिक प्रकोपको पनि सामना गर्न परिरहेको हुन्छ । यदि राम्रोसँग व्यवस्थापन गर्न सकिएन भने कोसी नदी, नारायणी र कर्णाली दुबै वरदान र अभिषाप हुन सक्छन् । दुबै देशको बाढी, भूक्षय आदिको समस्या समाय छ । तसर्थ यो समस्या समाधानका लागि दुवै देश कुटनीतिकरुपमा पनि पहल गरिरहेको देखिन्छ ।

बेलायती शासनकालमा नेपालले भारत र तिब्बतको व्यापार सम्बन्धको बिचमा मध्यस्थता गऱ्यो र भारतसँग नेपालको आर्थिक सम्बन्ध विकास भयो । भारत नेपालीको रोजगारीका लागि एक महत्वपूर्ण गन्तव्य हो । भारतले कहिले पनि नेपाली र भारतका नागरिकबीच भेदभाव गर्दैन । नेपालीहरू आफूले चाहेअनुसारको काम गर्न भारतमा स्वतन्त्र छन्, कुनै पनि प्रकारका सेवाहरू लिन सक्छन् र यो सबै सम्भव छ । किनभने खुला सीमा, भौगोलिक निकटता र दुई देशहरू बीच दशकौं देखि राम्रो सम्बन्ध कायम रहिआएको छ ।

**राजनीतिक कारकहरू:**

भारतको राजनीतिक आन्दोलन, विचारधारा र ठूला घटनाहरूले नेपाललाई जहिले पनि धेरै प्रभाव पारिरहेको हुन्छ । भारतको राष्ट्रिय आन्दोलनले नेपाललाई प्रभावित गऱ्यो र नेपालका केही नेताहरूले पनि भारतको स्वतन्त्रता आन्दोलनमा भाग लिए । नेपालको हरेक आन्दोलनमा भारतको भूमिका उल्लेखनीय छ ।

नेपालप्रति भारतको राजनीतिक पक्ष आफ्नै राजनीतिक विचारधारा, अनुभव र अपेक्षाबाट प्रभावित थियो । भारतले नेपालमा स्थिर र प्रजातान्त्रिक सरकारको खोजी गऱ्यो । राजनीतिक सुधारको माग भारतको सहयोगमा नेपालका शासकहरूले गरेका थिए । भारतले सुधारको समर्थन गऱ्यो र लोकतन्त्रको नियम बमोजिम सुधारहरू हुन चाहन्थ्यो ।

नेपालको राजनीतिक स्थिरता, आर्थिक प्रगति भारतको विकासको लागि राम्रो कारक हुनेछ । नेपाल भारतको लागि महत्वपूर्ण छ किनकि यसको प्राचीन कालदेखि नै रणनीतिक स्थितिले नेपालले भारतसँग राम्रो सम्बन्ध स्थापित गरेको छ । तर पछि थोरै परिवर्तन भयो । चीनको कम्युनिष्ट शक्तिको रूपमा उदय र तिब्बतमा यसको नियन्त्रणले सुरक्षा पक्षको कारणले नेपाललाई परिवर्तन गर्न खोज्यो । यद्यपि, सामाजिक, सांस्कृतिक र ऐतिहासिक पक्षहरूले भारत र नेपाललाई एकताबद्ध गरेका छन् । विशेष गरी पहाडी क्षेत्रका मानिस र चीनप्रतिको कम्युनिष्ट विचारधारा । कालापानी, लिपुलेक र लिम्पीयाधुराको दावी र नेपालको राजनीतिक नक्शामा यो समावेश भएको मुद्दा बनेको थियो ।

**वर्तमान परिदृश्य**

गतिरोधको स्थितिमा पनि नेपाल र भारतबीचको सम्बन्ध बढ्दै गइरहेको छन् । यी सम्बन्धहरूको 'विशिष्टता' दुबै देशहरूमा सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक निर्भरतामा आधारित छ जुन पहिलाभन्दा पनि अहिले परिपक्व भएको विश्वास गरिन्छ । वर्तमान कालापानी लिम्पीयाधुरा सीमा विवादलाई सुल्झाउन राम्रो समझदारी र अर्थपूर्ण कूटनीतिक वार्ताको सुरुवात आवश्यक छ । *(झा नेपाल-भारत खुला सीमा सम्वाद समूहका अध्यक्ष हुन् ।) (मधेश दर्पण फिचर सेवा)*

## विश्व समाचार

### भारतमा दैनिक संक्रमितको संख्या घट्दो

नयाँदिल्ली, ५ कात्तिक (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या घट्दै गइरहेको छ ।

कोरोनाभाइरसको महामारी शुरु भएदेखि वृद्धि हुँदै गइरहेको दैनिक सङ्ख्यामा केही समयदेखि कमी हुँदै आइरहेको हो ।

दैनिक झण्डै एक लाखसम्म सङ्क्रमितहरु भेटिएको भारतमा अहिले दैनिक ५० हजारको हाराहारीमा झरेको तथ्याङ्मा देखिएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार दिएको जानकारी अनुसार भारतमा पछिल्लो २४ घण्टामा थप ५४ हजार ४४ जना सङ्क्रमित भएका छन् ।

सोही अवधिमा कोरोनाका कारण ७१७ जनाको मृत्यु भएको पनि मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरुको सङ्ख्या ७६ लाख ५१ हजार १०८ पुगेको मन्त्रालयले जनाएको छ ।

कुल सङ्क्रमित मध्ये सात लाख ४० हजार ९० जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको पनि तथ्याङ्कमा देखिएको छ ।

भारतमा सङ्क्रमित अवस्थामै रहेकाहरुको संख्यामा पनि पछिल्ला केही हप्तादेखि कमी आएको छ । लामो समयसम्म दैनिक झण्डै १० लाख मानिस सङ्क्रमित अवस्थामै रहने गरेकोमा अहिले सात लाखको हाराहारीमा झरेको हो ।

सङ्क्रमित भएर पनि निको भइसकेकाहरुको कुल सङ्ख्या ६७ लाख ९५ हजार १०५ पुगेको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी भारतमा कोरोनाका कारण कुल मृतकको सङ्ख्या एक लाख १५ हजार ९१४ रहेको अधिकारीहरुले जानकारी दिएका छन् ।

भारतका प्रदेशहरु मध्ये कोरोनाबाट सबैभन्दा बढी महाराष्ट्र प्रदेश प्रभावित भएको छ । महाराष्ट्रमा मात्रै अहिले पनि एक लाख ७४ हजार ७५५ जना सङ्क्रमित अवस्थामै रहेका छन् ।

### कराँचीमा बम बिस्फोटन, तीन जनाको मृत्यु

कराँची, ५ कात्तिक (रासस-एएनआई) ।

पाकिस्तानको कराँचीस्थित मस्कान चौरंगी नजिक बुधबार भएको बम बिस्फोटनमा कम्तीमा तीन जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार बम बिस्फोटनका कारण अरु १५ जना घाइते भएका छन् ।

इधी फाउण्डेसनका एक अधिकारीले घाइते सबैलाई स्थानीय पटेल अस्पतालमा भर्ना गरिएको जनाएका छन् । बिस्फोटको प्रकृतिका बारेमा स्पष्ट भइसकेको छैन । मुबिनाका प्रहरी अधिकारीले प्रारम्भिक अनुसन्धानमा सिलिन्डर बम बिस्फोट भएको बताउन् भएको छ ।

प्रत्यक्षदर्शीले बिस्फोटबाट एक भवनका साथै केही सवारी साधनमा क्षति पुगेको बताएका छन् । अघिल्लो दिन शिरिन जिन्नाह कोलोनी नजिक बस टर्मिनलको प्रवेशद्वारमा एउटा बम बिस्फोटन हुँदा केही मानिस घाइते भएका थिए ।

### बुर्किना फासो, माली र नाइजरलाई एक अर्ब ७० करोड डलर मानवीय सहयोग

संयुक्त राष्ट्रसंघ, ५ कात्तिक (रासस-एपी) ।

चरम मानवीय संकट व्यहोरिरहेका अफ्रिकाका साहेल क्षेत्रका तीन राष्ट्रका लागि २० भन्दा बढी दातृ निकायहरुले यस वर्ष झण्डै एक अर्ब डलर सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

राष्ट्रसंघका अनुसार सन् २०२१ का लागि समेत ७० करोड उपलब्ध गराउन दातृ निकाय सहमत भएका छन् ।

राष्ट्रसंघका प्रवक्ता स्टेफानी डुजारिकले उक्त सहायताबाट बुर्किना फासो, माली र नाइजरका एक करोड भन्दा बढी मानिसलाई सहयोग पुग्ने बताउनुभयो । पोषण, खाद्यान्न, स्वास्थ्य सेवा, खानेपानी र सरसफाई, अस्थायी आवास, शिक्षा, संरक्षण र लैंगिक हिंसा पीडितका लागि उक्त रकम खर्च हुने पनि प्रवक्ता डुजारिकले बताउनुभयो ।

राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेसले राष्ट्रसंघ, डेनमार्क, जर्मनी र युरोपेली युनियनद्वारा आयोजित संयुक्त बैठकलाई सम्बोधन गर्दै मध्य साहेल क्षेत्र अहिले चरम जोखिमको अवस्थामा रहेको र तीनै देशका जनताहरु अहिले मानवीय संकटमा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सुरक्षा स्थिति तिब्र रुपमा कमजोर हुँदैछ, आम मानिसको दैनिक जीवन संकटमा छ । हिंसा बढेको बढ्दै छ, र खासरुपमा महिला एवं बालिकाहरु जोखिममा छन् । आन्तरिक विस्थापन दुई वर्षयता निकै बढेको छ । जलवायु परिवर्तनले मानिसको जीविकामा असर परेको छ र कोभिड-१९ ले अझ संकट बढाएको छ ।"

राष्ट्रसंघका मानवीय प्रमुख मार्क लोकक्ले विश्वमै साहेल क्षेत्रमा सबैभन्दा ठूलो संकट देखिएको बताउँदै बुर्किना फासो, माली र नाइजरमा ५० लाखभन्दा बढी बालबालिका सहित एक करोड ३० लाखभन्दा बढी मानिसलाई आपतकालीन सहायता जरुरी रहेको बताउनुभयो ।

महासचिव गुटेरेस र लोकक्ले दुबैले सन् २०२० र २०२१ का लागि २ अर्ब ४० करोड डलरका लागि दातृ निकाय समक्ष अपिल गर्नु भएको थियो ।

राष्ट्रसंघका प्रवक्ता डुजारिकले दातृ निकायहरुले ९८ करोड ५० लाख यस वर्ष सन् २०२० का लागि र सन् २०२१ का लागि ७० करोड ४० लाख उपलब्ध गराउन सहमति जनाएको बताउनुभयो ।

राष्ट्रसंघका अनुसार, स्वीट्जरल्याण्डले सबैभन्दा बढी ४६ करोड ४१ लाख उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । संयुक्तराज्य अमेरिकाले २७ करोड ४८ लाख, डेनमार्कले १८ करोड ३१ लाख, युरोपेली युनियनले १२ करोड २८ लाख र जर्मनीले ११ करोड ८२ लाख उपलब्ध गराउने बताएका छन् ।

# शुभकामना आदान प्रदान सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ५ कात्तिक ।**

सप्तरी सामुदायिक विकास केन्द्र नेपालले वडा दशैं, दिपावली तथा छठ पर्वको अवसरमा बुधबार शुभकामना आदान प्रदान तथा कर्मचारी बैठक कार्यक्रम सम्पन्न गरेको छ ।

आयोजित कार्यक्रममा कोभिड १९ कार्यक्रमका कार्यक्रम संयोजक देवविलास यादवले महामारीको बिसम परिस्थितिमा पनि संस्थाले गरेको कामहरुको बारे जानकारी गराएका थिए ।

सोही कार्यक्रममा संस्थाका उपाध्यक्ष मिथिलेश कुमार यादव, सदस्य नवीनकुमार गुप्ता, जिल्ला समन्वय समिति सप्तरीका नासु गंगाराम साह, वास संयोजक भुपेशकुमार भुप लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका कर्मचारी तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो भने कार्यक्रम सामी परियोजनाका संयोजक राजेन्द्र यादवले संचालन गरेका थिए ।

### *कालोबजारी ...*

अनुगमन केन्द्रित रहेको उनले बताए ।

पसल अनुगमनका क्रममा मूल्यसूची नराखेका पसलहरूमा अविलम्ब उपभोक्तालाई देखिने गरी मूल्यसूची राख्न, म्याद गुज्रिएका खाद्य वस्तुलाई नष्ट गरी उचित व्यवस्थापन गर्न पहिलोपटक चेतावनी दिँदै अर्कोपटक अनुगमन गर्दा यस्तो नगरेको पाइएमा थप कडा कारवाही गरिने उनको कथन थियो ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**मनोज बहरखेर**
**अध्यक्ष तथा**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी, परिवार**

# शुभकामना

हिन्दुहरुको महान चाड वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको शुभउपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, गाउँवासी तथा वडावासीमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी, परिवार**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*